# दर्तावाला लेखापरीक्षक सदस्यहरुको पेशागत प्रमाणपत्रको वर्गवृद्धि सम्बन्धी आवेदन फाराम भर्ने सुचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४ बमोजिम न्युनतम शैक्षिक योग्यता पुगेका यस संस्थाको सदस्यता प्राप्त "ग" र "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरुले अनुभवको प्रमाण पेश गरी वा वर्गवृद्धि परीक्षा दिई पेशागत प्रमाणपत्रको वर्गवृद्धि गर्नकालागि २०७३ चैत्र ३१ गतेदेखि २०७४ बैशाख २९ गते सम्म तोकिएको दस्तुर र २०७४ जेठ ५ गतेसम्म बिलम्ब दस्तुर सहित तोकिएको फाराम भरी आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

वर्गवृद्धिको आवेदन फाराम, पाठ्यक्रम र अन्य जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुन वा संस्थाको वेबसाइट हेर्नुहुन अनुरोध छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**The Institute of Chartered Accountants of Nepal**
**(Established under the Nepal Chartered Accountants Act, 1997)**
सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९, फ्याक्स: ०१-५५५०७७४
फोन: ०१-५५३०८३२, ०१-५५३०७३० इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np

## १. शैक्षिक योग्यता र अनूभवको आधारमा वर्गवृद्धि हुने आवेदनका लागि :

क) विगत १० वर्ष (आ.व. २०६३/६४ देखि २०७२/७३) भित्र कम्तीमा ५ आर्थिक वर्षमा नियमावलीमा तोकिए बमोजिमको कारोवार गरेका निकायहरुको बाह्य वा आन्तरिक लेखापरीक्षक भई काम गरेको अवस्थामा त्यस्ता निकायले प्रदान गरेको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि, सो निकायको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, सो वर्षसम्म निकाय नवीकरण भएको प्रमाणपत्र तथा बाह्य लेखापरीक्षकको हकमा नेपाल लेखामान र लेखापरीक्षणमान बमोजिम गरिएको र सम्वन्धीत कर कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश भएको लेखापरीक्षण प्रतिवेदन र आन्तरिक लेखापरीक्षकको हकमा निकायको प्रत्येक आ.व.को कारोबारको रकम खूल्ने कागजात ( सोही आ.व. को नेपाल लेखामान र लेखापरीक्षणमान बमोजिम गरिएको र सम्वन्धीत कर कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश भएको बाह्य लेखापरीक्षण प्रतिवेदन) सम्वन्धीत कर कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिलिपि प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) चार्टर्ड एकाउन्टेन्ट्स फर्ममा काम गर्नेको हकमा नियुक्तिपत्र, कर चुक्ता प्रमाणपत्र र कार्य अवधि खुल्ने प्रमाणित कागजातका साथै सो फर्मले सम्वन्धीत कर कार्यालयमा पेश गरेको कम्तीमा ५ बर्षको पारिश्रमिक बिबरण उल्लेख भएको कागजात सोही कर कार्यालयवाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग) नियमावलीमा तोकिए बमोजिमको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

## २. शैक्षिक योग्यता र परीक्षाको आधारमा वर्गवृद्धि हूने आवेदनका लागि :

क) नियमावलीमा तोकिए बमोजिमको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) परीक्षा दिनुपर्ने चार बिषयलाई दुई / दुई बिषयका दरले दुई समुहमा बिभाजन गरिएको हुंदा दुबै समुहको वा कुनै एक समुहको परीक्षा दिन सकिने छ । तर कुनै एक समुह उत्तीर्ण भएको आवेदकले सो समुह उत्तीर्ण भएको वर्षको तेश्रो वर्ष सम्ममा अर्को समुहको परीक्षा उत्तीर्ण नभएमा दुवै समुहको परीक्षाको लागि पुन: आवेदन दिनु पर्नेछ ।

## शूल्क सम्बन्धी बिबरण :

क) अनुभवको आधारमा वर्गवृद्धि हुने आवेदनका लागि रु. १००/-

ख) परीक्षाको आधारमा वर्गवृद्धि हुने आवेदनका लागि रु. १००/- र प्रति विषय रु. १०००/- का दरले परीक्षा दस्तुर लाग्नेछ ।

वर्गवृद्धि परीक्षाको आवेदन फाराम, पाठ्यक्रम र अन्य जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुन वा संस्थाको वेबसाइट हेर्नुहुन अनुरोध छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४**

५४. पेशागत प्रमाणपत्रको बर्ग वृद्धि हुनसक्ने :

(१) "ग" वर्गको पेशागत प्रमाणपत्र प्राप्त गरेको दर्तावाला लेखापरीक्षकले "ख" बर्गको दर्तावाला लेखापरीक्षककोमा र "घ" बर्गको पेशागत प्रमाणपत्र प्राप्त गरेको दर्तावाला लेखापरीक्षकको "ग" बर्गको दर्तावाला लेखापरीक्षकको पेशागत प्रमाणपत्रको बर्गमा वृद्धि हुनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम बर्ग वृद्धि गर्दा देहायको अवस्थामा दर्तावाला लेखापरीक्षक सदस्यले प्राप्त गरेको "ग" बर्गको पेशागत प्रमाणपत्रलाई "ख" बर्गको पेशागत प्रमाणपत्रमा बर्ग वृद्धि सकिनेछ :

(क) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर भई नेपाल अधिराज्य भित्र दर्ता भएको बार्षिक एक करोड भन्दा बढी कारोबार भएको निकायको पछिल्ला दश बर्षको अवधिमा कम्तिमा पांच आर्थिक बर्षमा लेखा परीक्षण वा आन्तरिक लेखा परीक्षण गरेको,

(ख) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर भई कुनै चार्टर्ड एकाउन्टेन्ट धनी रहेको लेखाव्यवसायी संस्थामा पांच बर्ष सम्म संलग्न रही लेखा व्यवसायको काम गरेको, वा

(ग) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर भई संस्थाले संचालन गरेको "ख" बर्गको वर्गोन्नति परीक्षा उत्तीर्ण गरेको ।

(३) उपनियम (१) बमोजिम बर्ग वृद्धि गर्दा देहायको अवस्थामा दर्तावाला लेखापरीक्षक सदस्यले प्राप्त गरेको "घ" बर्गको पेशागत प्रमाणपत्रलाई "ग" बर्गको पेशागत प्रमाणपत्रमा वृद्धि गर्न सकिनेछ :

(क) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी नेपाल अधिराज्यमा दर्ता भई बार्षिक पन्ध्र लाख रुपैया भन्दा बढी कारोवार भएको निकायको पछिल्ला दश बर्षको अवधिमा कम्तिमा पांच आर्थिक बर्षमा लेखापरीक्षण वा आन्तरिक लेखापरीक्षण गरेको,

(ख) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी कुनै चार्टर्ड एकाउन्टेन्ट धनी रहेको लेखाव्यवसायी संस्थामा पांच बर्ष सम्म संलग्न रही लेखा व्यवसायको काम गरेको, वा

(ग) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्यांङ्कशास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी संस्थाले संचालन गरेको "ग" बर्गको वर्गोन्नति परीक्षा उत्तीर्ण गरेको ।

(४) उपनियम (२) को खण्ड (ग) वा उपनियम (३) को खण्ड (ग) बमोजिमको परीक्षा परीक्षा संचालन गर्दा प्रत्येक विषयको १०० (एक सय) अंक पूर्णाङ्क रहने गरी देहायको विषयमा संचालन गरिनेछ :

(क) नेपालको प्रत्यक्ष वा अप्रत्यक्ष कर प्रणाली,
(ख) नेपालको वाणिज्य कानून,
(ग) लेखा तथा लेखामान,
(घ) लेखापरीक्षण तथा लेखापरीक्षणमान ।

(५) उपनियम (२) वा (३) बमोजिमको योग्यता पुगेको व्यक्तिले "ग" बर्ग वा "घ" वर्गको दर्तावाला लेखापरीक्षकको पेशागत प्रमाणपत्र वर्गोन्नति गरी पाउन अनुसूची - ४ मा उल्लिखित शुल्क सहित अनुसूची - ३१ बमोजिमको ढांचामा संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको निवेदन जांचबुझ गर्दा माग बमोजिम पेशागत प्रमाणपत्रको बर्गोन्नति गर्न परिषदले उचित ठहराएमा सोही बमोजिम बर्गोन्नति गर्न सकिनेछ ।

(७) वर्ग वृद्धि सम्वन्धी अन्य प्रकृया वर्ग वृद्धि कार्यविधी अनुसार हुनेछ ।

# वर्ग वृद्धि आवेदनका लागि आवश्यक कागजात र जानकारी

अ) **शैक्षिक योग्यता र अनूभवको आधारमा वर्ग वृद्धि हूने आवेदनका लागि:**

१. **शैक्षिक योग्यता :**
देहाय वमोजिमको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (एस.एल.सी. र सो भन्दा मथि सवै तहका प्रमाणपत्र र लव्धाङ्क पत्र समेत) पेश गर्नू पर्ने छ ।

**क) गु वाट "ख" मा वर्ग वृद्धि हूनको लागि**

- वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा व्यवस्थापनमा स्नातक वा गणित वा अर्थशास्त्र वा तथ्याङ्क शास्त्र वा लेखा मूख्य विषय लिई जनप्रशासन विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उत्तीर्ण गरेको हूनूपर्ने,
- विदेशी शिक्षण संस्थाबाट उत्तीर्ण गरेकाको हकमा समकक्षता प्रमाणपत्र पेश गर्नूपर्ने,

**ख) "घ" वाट "ग" मा वर्ग वृद्धि हूनको लागि**

- वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा व्यवस्थापनमा स्नातक वा गणित वा अर्थशास्त्र वा तथ्याङ्क शास्त्र विषय लिई मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोपाधि हासिल गरेको हूनूपर्ने,
- विदेशी शिक्षण संस्थाबाट उतीर्ण गरेकाको हकमा समकक्षता प्रमाणपत्र पेश गर्नूपर्ने,

२. **अनूभव :**
**क) बाह्रय लेखापरीक्षण गरेको अनूभवको आधारमा :**
विगत १० वर्ष (आ. व. २०६३/६४ देखि २०७२/७३) भित्र ५ आ. व. मा बाह्रय लेखापरीक्षक भई काम गरी देहायको कागजात पेश गर्नूपर्नेछ ।

- नेपाल लेखामान र लेखापरीक्षणमान बमोजिम गरिएको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी (सम्वन्धीत निकायको छाप सहित व्यवस्थापकले हस्ताक्षर गरि प्रमाणित गरिएको हूनूपर्ने), उक्त प्रमाणित प्रतिलिपी सम्बन्धीत कर कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएको र सो कार्यालयबाट प्रतिलिपी प्रमाणित गरेको,
- लेखापरीक्षकको रुपमा दिईएको नियूक्ति पत्र वा Audit Engagement Letter को प्रमाणित प्रतिलिपी,
- सम्वन्धीत आ. व. को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- सम्वन्धीत आ. व. को पेशागत प्रमाणपत्र (COP) नवीकरण निस्साको प्रमाणित प्रतिलिपी,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- लेखापरीक्षण गरिएको निकाय नियमानूसार दर्ता हूनूपर्ने भए दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- सो निकायको स्थायी लेखा नम्वरको प्रमाणित प्रतिलिपी,
- सो निकायको नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- "ग" वाट "ख" मा वर्ग वृद्धि हुनको लागि वार्षिक रु १ करोड भन्दा माथिको र "घ" वाट "ग" मा वर्ग वृद्धि हुनको लागि वार्षिक रु १५ लाख भन्दा माथिको कारोवार भएको लेखापरीक्षण प्रतिवेदन,
(यस प्रयोजनको लागि कारोवारको रकम भन्नाले नाफा नोक्सान खातामा उल्लेख भएको सोही आ. व. मा वस्तू वा सेवा विक्री बाट भएको आयलाई जनाउनेछ । ),
- लेखापरीक्षण गरिएको निकाय विघटन वा बन्द भएको अवस्थामा सम्वन्धीत नियमनकारी निकायले छाप सहित हस्ताक्षर गरी प्रमाणित गरिएको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

**ख) आन्तरिक लेखापरीक्षण गरेको अनूभवको आधारमा :**

विगत १० वर्ष (आ. व. २०६३/६४ देखि २०७२/७३) भित्र ५ आ. व. मा आन्तरिक लेखापरीक्षक भई काम गरी देहायको कागजात पेश गर्नु पर्नेछ ।

- नेपाल लेखामान र लेखापरीक्षणमान बमोजिम गरिएको बाह्य लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी सम्बन्धीत कर कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएको र सो

कार्यालयबाट प्रतिलिपी प्रमाणित गरेको । त्यस्तै सोही आ.व.मा आवेदकले आ.ले.प. गरेको देखिने प्रमाणित कागजात (सम्वन्धीत निकायको छाप सहित व्यवस्थापकले हस्ताक्षर गरी प्रमाणित गरिएको हूनूपर्ने), आवेदक सोही निकायको व्यवस्थापन र लेखापरीक्षण समितिमा संलग्न नरहेको देखिने प्रमाणित कागजात,

- आन्तरिक लेखापरीक्षकको रुपमा दिईएको नियूक्ति पत्र वा Audit Engagement Letter को प्रमाणित प्रतिलिपी,
- सम्वन्धीत आ. व. को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- सम्वन्धीत आ. व. को पेशागत प्रमाणपत्र (COP) नवीकरण निस्साको प्रमाणित प्रतिलिपी,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- लेखापरीक्षण गरिएको निकाय नियमानूसार दर्ता हूनूपर्ने भए दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- सो निकायको स्थायी लेखा नम्वरको प्रमाणित प्रतिलिपी,
- सो निकायको नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- "ग" वाट "ख" मा वर्ग वृद्धि हूनको लागि वार्षिक रु १ करोड भन्दा माथिको र "घ" वाट "ग" मा वर्ग वृद्धि हुनको लागि वार्षिक रु १५ लाख भन्दा माथिको कारोवार भएको लेखापरीक्षण प्रतिवेदन,
  (यस प्रयोजनको लागि कारोवारको रकम भन्नाले नाफा नोक्सान खातामा उल्लेख भएको सोहि आ. व. मा वस्तू वा सेवा विक्री बाट भएको आयलाई जनाउनेछ । ),
- लेखापरीक्षण गरिएको निकाय विघटन वा बन्द भएको अवस्थामा सम्वन्धीत नियमनकारी निकायले छाप सहित हस्ताक्षर गरि प्रमाणित गरिएको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

**ग) सि. ए. फर्ममा काम गरेको अनूभवको आधारमा :**

सि. ए. फर्ममा कार्य गरेकाको हकमा ५ वर्ष कार्य अवधि पूगेको हूनूपर्नेछ र सो को पूष्ट्याईको लागि देहायको कागजात प्रमाणित गरी पेश गर्नू पर्ने छ ।

- लेखा व्यवसायी कर्मचारीको रुपमा दिईएको नियूक्ति पत्रको प्रतिलिपी,
- लेखा व्यवसायको काम गरेको अवधि खूल्ने गरी फर्मबाट प्रमाणित गरिएको कागजात,
- सम्वन्धीत आ. व. मा कार्यरत फर्म र आवेदकको कर चुक्ता प्रमाणपत्र,
- सम्वन्धीत आ. व. मा कार्यरत फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण निस्सा,
- सम्वन्धीत आ. व. को आवेदकको पेशागत प्रमाणपत्र (COP) नविकरण निस्सा,
- आवेदकको नेपाली नागरिकताको प्रमाणपत्र,
- कार्यरत फर्मको स्थायी लेखा नम्वर,
- कार्यरत फर्मले कर कार्यालयमा पेश गरेको कम्तीमा ५ बर्षको पारिश्रमिक बिबरण उल्लेख भएको कागजात सोही कर कार्यालयबाट प्रमाणित भएको प्रमाणित प्रतिलिपी ।

**आ) शैक्षिक योग्यता र परीक्षाबाट वर्ग वृद्धि हूने आवेदनका लागि**

बूंदा नं. १ को शैक्षिक योग्यता पुरा गरी देहाय बमोजिमका दूबै समूह वा कूनै एक समूहका बिषयमा परीक्षा आवेदन फाराम भर्नू पर्नेछ ।

| | | **विषय** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** | **समय** |
|---|---|---|---|---|---|
| **समूह (क)** | **पेपर १** | प्रत्यक्ष तथा अप्रत्यक्ष कर | १०० | ४० | ३ घण्टा |
| | **पेपर २** | लेखा तथा लेखामानहरु | १०० | ४० | ३ घण्टा |
| **समूह (ख)** | **पेपर ३** | वाणिज्य सम्बन्धी कानून | १०० | ४० | ३ घण्टा |
| | **पेपर ४** | लेखापरीक्षण तथा लेखापरीक्षणमानहरु | १०० | ४० | ३ घण्टा |

नोट: पाठ्यक्रम र पूराना प्रश्न पत्रहरु संस्थाबाट प्राप्त गर्न सकिने छ ।